# अर्जुनचौपारी गाउँपालिकाको
# एकिकृत कृषि तथा पशु विकास कार्यक्रमको कार्यविधि, २०७६

अर्जुनचौपारी गाउँकार्यपालिकाबाट स्वीकृत मिति : २०७६।०६।२७

## प्रस्तावना

देश विकास निर्माणका लागि नभै नहुने श्रोत साधन मध्ये मानव संसाधनले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । राज्यमा उपलव्ध प्राकृतिक श्रोत साधनको सहि र उपर्युक्त उपयोग गरी देशको आर्थिक तथा सामाजिक विकास गर्नका लागी त्यो देशको मानव श्रोत साधनले मुख्य भूमिका खेलेको हुन्छ । यस मध्ये पनि १८ वर्ष उमेर देखी ५० वर्ष उमेर अवधि सम्मका जनशक्ति सक्रिय मानव श्रोत साधनमा पर्दछन् । यसरी देशको समग्र विकासका लागी मुख्य भूमीका खेल्ने १८ वर्ष उमेर देखी ५० वर्ष उमेरका रोजगारीका नाममा दिनानुदिन विदेश लाग्नेको लर्को घटाउने उपायहरुको खोजीनिति गर्नु राज्यको दायित्वमा पर्दछ । सोहि नीति अनुसार कृषि, पशुपंक्षीपालन, व्यवसायमा ज्ञान, सीप र दक्षता भएका वेरोजगार श्रंम शक्तिलाई कृषि तथा पशुजन्य पदार्थ उत्पादन , वितरण, प्रशोधन साथै सम्वन्धित व्यवसायमा सारिक गराई व्यवसायिक पद्वति बाट संचालन गरी लागु गर्नको लागी एकिकृत कृषि तथा पशुविकास कार्यक्रम २०७६ कार्यविधि तयार गरिएको छ ।

## उद्देश्य

क) ग्रामीण वेरोजगार अर्धवेरोजगार वैदेशिक रोजगारवाट फर्केका युवायुवतीहरु व्यवसाय संचालन गरी बसेका युवायुवती हरुलाई श्रोत साधनको रुपमा कृषि सहकारी कृषि विकास बैंक मार्फत कृषि ऋण उपलव्ध गराई ब्याज अनुदान दिने गरी आयमुलक कार्यमा टेवा पुर्याउनेछ।

ख) आवश्यक ज्ञान सीपको अभिवृद्दि गराई सक्रिय वनाउनको लागी कृषि तथा पशुपालन तालिम भ्रमण गोष्ठि व्यवहारिक रुपमा उतार्ने प्रयास सक्दो रुपमा गरिनेछ ।

ग) कृषि तथा पशुजन्य पदार्थको उपभोगमा आयात पतिस्थापन गर्नको लागी व्यवसायिक साथै सक्रिय भूमिका खेलेवापत त्यस्ता कृषकहरुको निष्पक्ष रुपमा छनोट प्रकृया बनाई प्रोत्साहित गर्ने काम राज्यको दायित्वमा अनिवार्य समावेश गराउनेछ ।

## दफा १ कार्यक्रम अवधि

क) यो कार्यक्रम लागू गाउँपालिकाको बैठकद्वारा पारित भई तुरुन्त लागू हुनेछ । अवधी ३ बर्षको हुनेछ ।

## दफा २ कार्यक्रम संचालन हुने स्थान

क) यस अर्जुनचौपारी गाँउपालिकाका सम्पूर्ण वडा तथा टोलहरु यस कार्यक्रम संचालन हुने स्थान तोकिएको छ ।

## दफा ३ यस कार्यक्रम अन्र्गत देहायका कार्यक्रमहरु संचालन गरिनेछन :

क) कृषक समुह " कृषि समिति"

ख) उधोग व्यवसाय दर्ताको लागि सिफारीस

ग) कार्यक्रम संचालन संगै अनुगमनका कार्यक्रमहरु

घ) कृषिमा खाधान्न निर्भरता, तरकारी फलफुलखेती, पुष्प व्यवसाय बाग-वगैंचा स्थापना, माछापालन, कृषि तथा पशु उत्पादन उपज संकलन तथा वितरण केन्द स्थापना गरी लागु गर्ने ।

ङ) पशुपालन व्यवसायमा गाई, भैंसी पालन, बाख्रापालन, घाँसखेती, पंक्षीपालन गरी दुध, अण्डा र मासुजन्य पदार्थहरुको आत्मनिर्भरता बढाउने कार्यहरु ।

च) कृषि तथा पशुपालन व्यवसायका लागी श्रोत साधन तथा विउविजन वतरण नर्सरी स्थापनाका लागी टेवा दिने कार्य वोका, राँगो, बीर, आदी प्रजनन्का लागी खरिद तथा वितरण ।

छ) कृषि तथा पशुपालन विषयमा निशुल्क तथा सशुल्क अनुदान वितरणका कार्यक्रमहरु।
ज) पशुबधशाला तथा मासु पसल स्थापना ।
झ) गाउँसभा र कार्यपालिकाद्वारा निर्णय भए बमोजिम अन्य कुराहरु ।
ञ) प्रदेश र संघबाट स्थानीय तहले सोझै वा साझेदारीमा गर्ने भनी तोकिएका कार्यहरु ।
ट) आवश्यक अनुसारका अन्य कार्यहरु ।
ठ) गाउँकार्यपालिकाले तोकेका अन्य कार्यहरु ।

**<u>दफा ४ कार्यक्रम कार्यान्यन प्रकृया</u>**

क) सुचना प्रकाशनद्वारा ।
ख) बेरोजगार युवायुवतीहरुको छनोटद्वारा ।
ग) कृषि तथा पशुपालन संग सम्वन्धित समुह / समिति फार्महरु संग समन्वयद्वारा कार्यान्वयन गर्ने ।
घ) माथिल्लो निकायसंग समन्वद्वारा समन्वय गरी प्रचलित ऐन, नियम बमोजिक कार्यक्रम सञ्चालन गरिनेछ ।

**<u>दफा ५ कार्यक्रममा संलग्न निकायहरु र जिम्मेवारी</u>**

क) समुह/समिति/व्यवसायिक फर्म साथै अन्य कृषकहरुको जिम्मेवारी

- आफूले पेश गरेका कार्य योजना अनुसार काम गर्ने लिखित प्रतिवद्धता जाहेर गर्ने र सोहि अनुसार कार्यक्रम संचालन गर्नु पर्नेछ ।
- निम्न प्रकृयाद्वारा यो कार्यक्रम र अन्य कृयाकलाप सञ्चालन हुनेछन ।
- प्रतिवद्धता गरेको समयावधि सम्म व्यवसाय संचालन गर्नुपर्नेछ ।
- नियमित रुपमा तोकिएको ढाँचा वा कृषि तथा पशु शाखाद्वारा दिइएको निर्देशन पालना गर्ने तथा तोकिएको ढाँचामा चौमासिक र वार्षिक रुपमा प्रतिवेदन सम्वन्धित कृषि/ पशु शाखामा पेश गर्नुपर्नेछ ।
- आगामी वर्षको लागी हरेक वर्षको चैत १ गते देखि जेठ महिनाको मसान्त भित्र कार्यक्रम योजना सम्वन्धित शाखामा पेश गरिसक्नुपर्नेछ ।

**<u>दफा ६ कृषि तथा पशुसेवा शाखाको जिम्मेवारी</u>**

- योग्य कृषकहरुको लागी सिफारिस दिने ।
- वार्षिक तथा चौमासिक कार्यक्रम पेश गरी स्वीकृत गराउने र कार्यक्रम संचालन गर्ने ।
- अनुगमन गर्नुपर्ने फर्म व्यवसाय उद्योग आदीको अनुगमन गरी गाउँपालिकाको कार्यलयमा रिपोटिङ पेश गर्ने र सहजकर्ताको भूमीका निवाह गर्ने ।
- कृषि तथा पशुपालन कार्यक्रम संचालनको लागी त्रिपक्षीय सम्झौता गर्नुपर्ने भएमा तपसिल अनुसार हुनेछ ।
  - पहिलो पक्ष सम्वन्धित शाखा
  - दोश्रो पक्ष व्यवसायिक उधमी कृषक
  - तेश्रो पक्ष कार्यपालिका ग.पा. कार्यालय

***<u>दफा ७ गाउँपालिकाको काम कर्तव्य र अधिकार</u>***

१. शाखाका कार्यक्रमहरु स्वीकृत गर्ने गराउने ।
२. आर्थिक पक्षको व्यवस्था मिलाउने ।
३. गाउँपालिका भित्र व्यवसाय उद्दोग फर्महरु आदीको सम्वन्धित शाखाको कर्मचारीहरुलाई अनुगमन गरी रिपोटिङ गर्ने व्यवस्था मिलाउने ।
४. सम्वन्धित शाखाका कर्मचारीहरुलाई स्तरोन्नतीको लागि पुर्नताजगी तालिम सेमिनार गोष्ठी साथै अध्यनको लागि व्यवस्था मिलाउने साथै सम्वन्धित शाखालाई निर्देशन दिने ।
५. आर्थिक तथा सामाजिक रुपले पिछडिएका बर्ग, क्षेत्र, लिङ र समुदायलाई कृषि, पशुपन्छी सम्वन्धि कार्यक्रम विशेष प्रथमिकता दिईनेछ ।

६. मानव स्वस्थ्य एवं पशुपंक्षी स्वास्थ्यको दृष्टिकोणमा पशुपंक्षी ओसार पसारमा क्वारेन्टटाईन व्यवस्था गरी लागू गरिनेछ ।

७. कृषक तथा कृषि उद्यमीहरुलाई आवश्यकता अनुसार तालिम प्रशिक्षण, सेमिनार, गोष्ठी, शिविर, भ्रमण आदीको व्यवस्था मिलाईनेछ ।

८. कृषि तथा पशुजन्य उत्पादन संकलन तथा वितरण केन्द्र खोली लागू गरिनेछ ।

९. माटो र माटोको गुणस्तर जाँचको व्यवस्था गरी उपयुक्त जातको बालीको छनौट गरी लागू गरिनेछ ।

१०. कृषि तथा पशु सेवा शाखाद्धारा बार्षिक रुपमा कृषि विशेषाङ्कको रुपमा कृषि पशुपंक्षी पालनको अवस्था झल्कीने खालको प्रोफाईल तयार गरिनेछ ।

११. पशुजन्य रोग अन्वेषण तथा रोग निदानको लागि गाउँपालिका स्तरमा प्राविधिकलाई ल्याव तालिमको व्यवस्था मिलाउने र स्याम्पल परिक्षणको लागि निकटतम माथील्लो निकायमा पठाउने व्यवस्था मिलाईनेछ ।

१२. फलफूल तथा पशुजन्य उत्पादनमा आत्मनिर्भर कार्यक्रमको लागि गाउँपालिकाद्धारा आवश्यक बजेटको व्यवस्था मिलाई । (जस्तै कागतीमा आत्मनिर्भर, केरा, अनार,अम्बा, मेवा तथा एक समुह एक पशुपंक्षी पालन बाख्रापालन, भैसीपालन, घाँस खेती आदी) शिर्षक हेरी व्याज अनुदान विरुवा खरिदमा ५०% अनुदानको व्यवस्था साथै पशु बीमामा कृषकले व्यहोनुपर्ने पर्ने प्रमियममा १५ % अनुदानको व्यवस्था हुनेछ ।

१३. पशुपालनमा गुणस्तर सुधारको लागि उन्नतजातको राँगो, साँढे, बोका वितरण गरिनुका साथै कृतिम गर्भाधानद्धारा नश्ल सुधार कार्यक्रमलाई प्राथमिकता दिईनेछ ।

१४. चरिचरणको लागि तोकिएको क्षेत्र बाहेक छाडा रुपमा गाई बस्तु पाल्ने स्थितीलाई नियन्त्रण गरिनेछ ।

१५. कृषि सूचना तथा सञ्चार व्यवस्था गरिनेछ ।

१६. कृषि तथा पशु पालन सम्वन्धि कार्यक्रम संचालन गर्ने, सरकारी तथा गैह्र सरकारी संघसंस्थाहरु सँग समन्वय गरी कार्यक्रम लागू गरिनेछ ।

१७. बैंक तथा कृषि सहकारी सँग कृषि ऋण सम्वन्धि समन्वय गरिनेछ ।

१८. कृषि ऋण लगानीमा अनुदानको लागि गाउँपालिका र वितिय संस्था बीच सम्झौता हुनेछ ।

**दफा ८ विविध :**

क. व्यवसायिक रुपमा तरकारी खेती गर्न एकल भएमा घटिमा १-२ रोपनी र सामुहिक भएमा घटिमा ४-५ रोपनी जग्गा हुनु पर्नेछ ।

ख. पशुपंक्षी पालनको लागि कार्यपालिकाले तोकेको मापदण्ड अनुसार हुनेछ ।

ग. व्यवसाय संचालन गर्ने स्थान सवै खाले पूर्वाधारहरुको सुविधा व्यवस्था भएको हुनुपर्नेछ, (बाटो विजुली, पानी बजारको पहुँच, प्रविधिको पहुँच) आदी ।

**दफा ९** कृषि, मासु तथा दुधजन्य ऋणको लागि सहकारी र कृषि विकास वैंक सँग समन्वय गरीनेछ र ऋण सम्वन्धि सवै प्रकृया सम्वन्धित सहकारी वा सम्वन्धित संस्थाले तोके बमोजिम हुनेछ ।
ख. व्याज अनुदानको हकमा सञ्चालन गरेको दिन देखि बढीमा २ बर्ष भित्र ऋण रकम फिर्ता गरिसक्नु पर्नेछ ।

- तरकारी खेतीमा — ६ महिना भित्र
- माछापालनमा — १ बर्ष भित्र
- मौरीपालनमा — १ बर्ष भित्र
- बंगुर पालनमा — १ बर्ष भित्र
- गाई भैसी पालनमा — २ बर्ष भित्र
- बाखापालनमा — १८ महिना भित्र

- कुखुरा पालनमा १ बर्ष भित्र
- अण्डा उत्पादन मासुमा ६ महिना भित्र

**दफा १०** कृषि तथा पशु बिमाको हकमा गाउँपालिकाले स्थानीय बिमा संचालन गर्न ग्रामीण स्वालमम्वन साना किसान कृषि सहकारी संस्था सँग समन्वय गरी कार्यक्रम लागू गर्ने ।

**दफा ११ तरकारी खेती सम्वन्धि :**

- कम्तिमा २ रोपनी जमिन वा ४ टनेल हुनुपर्नेछ ।
- खेती गरिने जमिनको नापनक्सा खुलेको लालपूर्जाको फोटोकपी वा भाडामा लिएको भए कम्तीमा ५ बर्षको लागि प्रकृया पुगेको कागजात ।
- खेती गरिने जग्गामा सिंचाईको विवाद रहित श्रोत व्यवस्था खुलेको वडा कार्यालयको सिफारिस पत्र ।
- रेकडिङ्ग, व्यवसाय लागत खर्च, बिक्रि बितरण, आम्दानी विवरण, वीउ मल, औषधी बिसादी, ज्यामी खर्च, जग्गा भाडा खर्च आदी ।
- रासायनिक तत्वको नकारात्मक असरलाई हटाई जैविकतालाई जोड दिनुपर्नेछ ।
- कृषक समुह वा समिति गठन गरी कार्यक्रम संचालन गर्नको लागि जाती विशेषको पकेट कार्यक्रम (तरकारी, फलफूल, च्याउ खेती) आदी खुलाउनु पर्नेछ ।

**दफा १२ मत्स्यपालन सम्वन्धि :**

- सिफारिस ताजहरु रोहु, नैनी, भाकुर, ग्रासकार्प, सिल्भर कार्प, बिगहेड कार्प, रेन्वो ट्राउट आदी मात्र व्यवसाय संचालन गर्नुपर्नेछ ।
- व्यवसायिक मत्स्य व्यवसायको लागि २०० घ.मी (लम्वाई २० मिटर चौडाई १० मिटर र गहिराई १.५ मिटरको) पोखरी कम्तिमा हुनुपर्नेछ ।
- स्थायी रुपमा पोखरीमा पानीको व्यवस्था हुनुपर्नेछ ।
- सिफारिस नभएका माछाका जातहरु पालन गर्न नपाईने व्यवस्था गरिएको छ ।

**दफा १३ च्याउ खेती सम्वन्धिमा :**

- च्याउ खेती मापदण्ड कन्या च्याउ १०० पोका पा वोतल भन्दा माथी र सिताके च्याउ न्यूनतम २०० मुडामा उत्पादन गर्ने कृषकलाई व्यवसायिक कृषक मानिनेछ ।
- मुडे वा सिताके च्याउको लागि सकभर कटुस अन्य विकल्पमा उत्तीसको मुडामा राख्नुपर्नेछ।
- अन्य काठमा च्याउ खेती गर्नु हुदैन किनभने सिफारिस नभएको हुँदा विषाक्त हुन सक्दछ ।

**दफा १४ मसला वाली सम्वन्धि :**

- मसला बालीको रुपमा प्रयोग हुने जातहरुको खोजी गरी आयात प्रतिस्थापन गर्ने कार्यलाई प्रोत्साहन गर्न सकिनेछ , उक्त कार्यको लागि तपशिल अनुसार हुनुपर्नेछ साथै मसला उद्योग आवश्यकता अनुसार खोलिनेछ ।
- प्याज १ रोपनी क्षेत्रफल
- लसुन १ रोपनी क्षेत्रफल
- बेसार १ रोपनी क्षेत्रफल
- अदुवा ५ रोपनी क्षेत्रफल
- टिमुर बोट संख्या २०० बोट
- खुर्सानी १ रोपनी क्षेत्रफल

- आलु ५ रोपनी क्षेत्रफल

**दफा १५ एकिकृत कृषि पशु पालन सम्वन्धि :**

क. फर्म तथा उद्योग व्यवसाय सञ्चालन : यस गाउँपालिका भित्र कुनै पनि उद्यमी कृषकहरुले अन्य व्यक्तिहरुलाई वातावरण प्रदुषण लगायतका नकारात्मक कार्य हुने प्रकृतिका कार्य गर्न सख्त मनाई छ ।

ख. व्यवसायिक रुपमा बाख्रा पालन, कुखुरा पालन, गाई भैसी पालन, बैगुर पालन, हाँस पालन आदी कार्य गर्न सम्वन्धीत वडा कार्यालयको सिफारिस गर्नु गराउनु पर्नेछ ।

ग माथी क.१ मा उल्लेखित कुनै पनी व्यवसाय सञ्चालन गर्न सम्वन्धित गाउँपालिकाको पशु सेवा शाखाको रायलिई गाउँपालिका वा घरेलु तथा साना उद्योग विकास कार्यालयमा दर्ता गरी सञ्चालन गर्नु पर्नेछ र सोको दस्तुर तोके बमोजिमको हुनेछ ।

घ. पशु बद्य सम्वन्धमा अनुत्पादक ठहर भएमा मात्र स्त्री जाती पशुको सम्वन्धित निकायको सिफारिसमा बद्य गर्न पाईनेछ र पशु बद्य गर्दा निश्चित तोकिएको स्थानमा मात्र पशु बद्य गर्न पाईनेछ । वातावरण प्रदुषण एवं फोहर दुरगन्ध हुने तरीकाबाट पशु बद्य गर्न मनाहि गरिएको छ । रोगी मरेका पशु माशुजन्य प्रयोजनमा ल्याउने पाईने छैन सो कार्य गरेमा गाउँपालिकाले तोके बमोजिम जरिमाना लाग्नेछ ।

ङ. व्यवसाय सञ्चालनका लागि सम्वन्धित पशु सेवा शाखाको निरिक्षण र प्रतिवेदनको आधारमा कार्यपालिकाको बैठकद्धारा घुम्ती कोष ऋण सहयोगको लागि पारित गरी सञ्चालन गरिनेछ ।

च. बाँझो र खेरा गईरहेको जमीन सम्वन्धमा कि तपाई केहि गर्नुहोस कि हामीलाई केही गर्न दिनुहोस भन्ने कार्यक्रम जमीनवालाहरु सँग समन्वय गरी लागू गर्न सकिनेछ । खेर गईरहेको श्रमशक्तिलाई सम्वन्धित वडामा सञ्चय गरी सामुहिक रुपमा खेती प्रणाली र वितरण प्रणालीको व्यवस्था गर्न कृषक सञ्चाललाई सक्रिय बनाईनेछ ।

छ. वडा/वडाको श्रमशक्तिको अभिलेखिकरण तथा व्यवसायिक कृषक संस्था वडा स्थित प्रतिनिधिको रोहवरमा गराईने व्यवस्था गरिनेछ । साथै श्रमको मूल्याङ्कन गरी महिला वा पुरुष समान कामको समान ज्याला लागू गरिनेछ ।

ज. जग्गा भाडा लिने दिने समय अवधी सम्वन्धमा : त्रीपक्षीय सम्झौताद्धारा (जग्गावाला, जग्गा लिने कृषक र गाउँपालिका) अनुसार गरिनेछ । जग्गा भाडामा लिदा र दिदा तपशिल बमोजिम उपयुक्त मानिनेछ

**तपशिल :**

| | |
|---|---|
| • तरकारी खेतीको लागि कम्तीमा | ५ बर्ष |
| • अन्यबालीको लागि कम्तीमा | ३ बर्ष |
| • पशुपालनको लागि कम्तीमा | २० बर्ष |
| • फलफूल खेतीको लागि कम्तीमा | २० बर्ष |
| • मत्स्य पालनको लागि कम्तीमा | १० बर्ष |
| • जडिबुटी खेतीको लागि कम्तीमा | १५ बर्ष |
| • घाँस खेतीको लागि कम्तीमा | १० बर्ष |
| • ऊखु खेतीको लागि कम्तीमा | ५ बर्ष |
| • मौरी पालनको लागि कम्तीमा | १० बर्ष |

दफा १६. **मेडिकल उपचार :**

- यस आ.व.को तीनवटै चौमासिकमा पशु बस्तुको मेडिकल उपचार गर्ने लक्ष्य राखिएको छ ।
- शाखामा आएका बिरामी पशु बस्तुको उपचार गरि पठाईनेछ ।
- कृषकको माग अनुसार बिरामी पशु स्थलगत उपचार घरगोठमै पुगी सेवा पुर्‍याउने ।

दफा १७. **माईनर सर्जीकल :**

- यस बर्षमा पशु बस्तुको माईनर सर्जीकल उपचार सेवा पुर्‍याईनेछ ।
- खुल्ला विधि र बन्द विधिद्धारा बंगुर, बोका, बहर र कुकुरको विभिन्न पशुहरुको सर्जीकल उपचार गरिनेछ ।
- घाउ चिरफार, फ्याक्चर, डिसलोकेशन जस्ता कार्यमा सेवा पुर्‍याईनेछ ।

दफा १८. **गाईनोकोजिकल उपचार**

- रिपिट बिडिङ्, पायोमेट्रा, ईन्डोमेट्राईस, मेट्राईटिस जस्ता रोगहरुको उपचार गरिनेछ ।
- प्रजनन् योग्य पशुहरुको उपचार पश्चात प्रजनन् गर्न लगाईनेछ भने अयोग्य ठहरिएका पशुलाई स्लाउटरिङ्ग गर्ने वा हटाउने सुझाब दिईनेछ ।

दफा १९. **स्याम्पल परिक्षण विधि :**

- डिजीज सर्भिलेन्स अन्तर्गत गाई, भैसी, भेडा बाखाको रगत पिसाब, दुध, मासु आदी बस्तुहरु परिक्षणका लागि आवश्यक देखिएमा पोखरा स्थित क्षेत्रिय ल्यावमा सम्पर्क गरी स्याम्पल पठाईनेछ ।

दफा २०. **बजार अनुगमन :**

- यस गाउँपालिका भित्रका तरकारी पसल, माशुपसल, एग्रोभेट औषधी पसल, व्यवसायिक होटल, खाद्यान्न पसल आदीको तिन वटै चौमासिक अवधिमा तपशिलको रोहवरमा बजार अनुगमन गरिनेछ । गा.पा. सम्वन्धित शाखाको समन्वयमा आवश्यक सहयोग लिई गाउँपालिकाले अनुगमन गर्नेछ ।
  तपशिल :

➢ तरकारी पसल र माशु पसलमा सडेगलेका तरकारी तथा मशु बिक्रि भए नभएको निरिक्षण गरिनेछ ।

➢ मासुपसलमा फ्रिजिङ्ग गरेको मासु हुनुपर्नेछ । मासु धुलो र किटाणुबाट सुरक्षीत हुनुपर्नेछ

➢ सिला र जालिद्वारा मासु काट्ने ठाँउ सुरक्षित र सफा पानीको प्रयोग हुनुपर्नेछ ।

➢ एन्टिवायोटिक औषधी खुवाउदै गरेको पशुपंक्षी मासुको लागि प्रयोग गर्न पाईने छैन

➢ मासु र दुधजन्य पदार्थको जाँचको व्यवस्था मिलाईनेछ ।

➢ एग्रोभेट तथा औषधी पसलमा औषधी घाम, धुवाँ र चिसोबाट बचाउने, तरिकाबाट भण्डारण गरेको हुनेपर्नेछ ।

➢ म्याद नाघेका औषधीहरु बिक्रिवितरण भए नभएको निरिक्षण गरिनेछ ।

➢ व्यवसायिक होटल मापदण्ड अनुसार चलेनचलेको निरिक्षण गरिनेछ ।

➢ खाद्यान्न पसलमा अखाद्यय बस्तु मिसावट निरिक्षण गरी तेल, दाल, चिनी जस्ता बस्तुहरुको अनुगमन गरिनेछ । डाल्डाघ्यू, मह, खुदो, बेसार अमिलो आद

**दफा २१. डिजीज सर्भिलेन्स**

- पशु रोगमा देखा पर्ने वा परेका रोगहरु रोकथामका लागि आवश्यक औषधी खरिद गरिने छ ।
- पशुपालक कृषकहरुलाई आवश्यकता अनुसार १ दिने प्रशिक्षण तालिम दिईनेछ ।

**दफा २२. पशु बिमा निरन्तर :**

- यस कार्यक्रमको लागि पशु बिमा मान्यता प्राप्त स्थानीय सहकारी संस्था लि. रहनेछ ।
- यस गाउँपालिका भित्र रहेका दर्तावाला फर्महरुमा विमा कार्यक्रम दोहोरो विमा नपर्नेगरी संचालन गरिनेछ ।
- बिमाको ७५% प्रिमियम संघीय सरकारले व्यर्होन नीति रहेकोछ ।
- पशुबस्तु पालनको चाप रहेको गाउँमा पनि पशु विमा लागू गर्न सकिनेछ ।
- सम्वन्धित कृषकले बिमा प्रिमियमको २५% मध्ये १०% कृषकले १५% गाउँपालकाले अरु नीति नियम अनुसार विमा संचालन गरिनेछ ।
- कृषकले नियमनुसारको प्रिमियम शुल्क बुझाउनुपर्नेछ ।
- पशुविमाको अवधि १ बर्षको हुनेछ ।
- बिमा नियमानुसारको क्षतिपूर्तिको व्यवस्था हुनेछ ।
- कृषकको लापरवाहीद्धारा पशुधनको क्षतिभएमा लापरवाही भएको ठहरीन पुगेमा कृषकले विमा बापत पाउने पर्ने क्षतिपूर्ति रकम प्राप्त गर्न सक्ने छैन ।
- आकस्मिक महामारी रोगको कारण पशुधनको क्षतिहुन पुगेमा प्रकृयागत क्षतिपूर्ति वितरण गरिनेछ ।
- विमाको प्रगति समिक्षा हरेक चौमासिकमा सम्वन्धित निकायमा पठाईनेछ ।
- सम्भव भए सम्म पशु विमा सचेतना कार्यक्रम कृषकहरु सहभागि गराई कार्यक्रम संचालन गरिनेछ ।
- विमा तालिममा पशु प्राविधिकलाई सहभागि गराउन सकिनेछ ।
- संक्रमण रोग फैलीएको अवस्था, रोगी पशु उमेर नाघेको र दीर्घ रोगी पशु आदीको विकृती भएको पशु विमा हुने छैन ।

पशुधन सुरक्षण अवधि : १ बर्षको मात्र हुनेछ, सुरक्षण गर्न सकिने पशुधनको किसिम तथा नश्ल अनुसारको उमेरहद देहाय बमोजिमको हुनेछ ।

| क्र.स. | पशुधनको उद्धेश्य | पशुको किसिम | नश्ल अनुसारको उमेर |
|---|---|---|---|
| १ | दुग्ध उत्पादन | गाई | ३ बर्ष पुरा भई ७ बर्ष ननाघेको |
| २ | दुग्ध तथा मासु उत्पादन | भैसी | ३ बर्ष पुरा भई ७ बर्ष ननाघेको |
| ३ | मासु उत्पादन | भेडा | १ बर्ष पुरा भई ४ बर्ष ननाघेको |
| ४ | मासु उत्पादन | बाख्रा | १ बर्ष पुरा भई ४ बर्ष ननाघेको |
| ५ | मासु उत्पादन | बंगुर | १ बर्ष पुरा भई ४ बर्ष ननाघेको |
| ६ | जोताई | गोरु | ३ बर्ष पुरा भई ७ बर्ष ननाघेको |
| ७ | ढुवानी, जोताई तथा मासु उत्पादन | राँगा | ३ बर्ष पुरा भई ७ बर्ष ननाघेको |
| ८ | प्रजनन् | रागा/बहर | ३ बर्ष पुरा भई ७ बर्ष ननाघेका |
| ९ | नर्सरी | बाच्छा/पाडा/पाडी, पाठा/पाठी, बंगुरका पाठा/पाठी | १ बर्ष पुरा भई १८ महिना ननाघेको, ३ महिना पुरा भएको र ४५ दिन उमेर पुगेको |

- श्रव्य दृश्यको लागि ज्ञानवर्धक भिजुअलको लागि भिडियोको व्यवस्था गरिनेछ सम्भव भए सम्म प्रत्येक वडाहरुमा १/१ वटा पेनडाईभ उपलब्ध गराईनेछ ।

**दफा २३. प्राकृतिक गर्भाधान**

- प्राकृतिक गर्भाधान कार्यक्रम अन्तर्गत सम्भव भए सम्म वडामा रागो/बोको वितरण गर्न सकिनेछ ।
- यस कार्यक्रममा ५०% रकम कृषकले व्यहोर्नुपर्नेछ ।
- ढुवानी, औषधी, दाना, घाँसको व्यवस्था कृषक आफैले गर्नुपर्नेछ ।
- आवश्यक कागजात विल, भपाई, फोटो संलग्न राखि भुक्तानी फछ्यौंट गर्नसकिनेछ ।

**दफा २४. प्लाष्टिक पोखरी**

- ➢ आवश्यकता हेरी तारकारी वा फलफूल समुहमा वितरण गर्न सकिनेछ भने व्यवसायिक कृषकहरुलाई पनि वितरण गर्न सकिनेछ ।
- ➢ प्लाष्टिक बिछयाउनको लागि कृषक आफैले खन्ने कार्य गर्नुपर्नेछ ।
- ➢ सिंचाई प्रयोजनमा पोखरीको पानी संचालन गर्नुनर्पेछ ।
- ➢ पोखरीको दुरुपयोग गर्ने छैन भनी कुवुलियतनामा लेखि प्लाष्टिक पोखरी वितरण गर्न सकिनेछ ।
- ➢ प्लाष्टिक ३०० जि.एस.एमको हुनुपर्नेछ ।
- ➢ प्रचलित खरिद कानून बमोजिम सामाग्री खरिद गरिनेछ ।
- ➢ आवश्यकताको आधारमा व्यवसायिक रुपमा कामगर्ने कृषकलाई प्लाष्टिक पोखरी उपलब्ध गराउन सकिने र कृषकले लागत साझेदारीमा ५०% व्यहोर्नु पर्नेछ ।

**दफा २५. भकारो सुधार कार्यक्रम**

- ➢ तरकारी खेती गर्ने व्यवसायिक कृषकले मुत्र संकलन गरी मोलको रुपमा प्रयोग गर्नुपर्नेछ ।
- ➢ किसानले ढुङ्गा, गिट्टी, वालुवा, सिमेन्ट प्रयोग गरि मुत्र संकलन गर्ने टंकी निर्माण गर्नुपर्नेछ, तथा मुत्र बग्ने गरी भकारो निर्माण गर्नुपर्नेछ ।
- ➢ लागत साझेदारी रहनेछ ।
- ➢ एउटा वडामा कम्तीमा १/१ जना कृषकलाई छनौट गरी कार्यक्रम संचालन गर्न सकिनेछ ।
- ➢ कार्यक्रम सञ्चालन सम्बन्धि नम्स कृषि तथा पशुपन्छी मन्त्रालयले तयार गरेका कार्यविधि बमोजिम हुनेछ ।

**दफा २६. माटो परिक्षण शिविर**

- ➢ सुचना प्रविधिद्वारा कार्यक्रम संचालन गर्न सकिनेछ ।
- ➢ कृषक संजालद्वारा पनि प्रचार प्रसार गराईनेछ
- ➢ क्षेत्रीय माटो परिक्षण प्रयोगशाला पोखराद्वारा आवश्यक सामाग्री सहितको माटो परिक्षण विज्ञ टोली आमन्त्रण गरि ६ वटै वडामा संचालन गरिनेछ ।
- ➢ माटो परिक्षण शुल्क ५०% कृषक र ५०% गाउँपालिकाले व्यहोर्नुपर्नेछ ।
- ➢ माटो परिक्षण शिविर टोलिमा खटिई काम गर्ने टोलीलाई प्राविधिक खर्च व्यवस्था कार्यक्रमबाट गर्न सकिनेछ ।
- ➢ यस कार्यक्रमद्वारा कृषकले आ-आफ्नो माटोको अवस्था थाहा पाउन सक्नेछन, सोही अनुसार माटो सुधार गरी खेती गर्न सक्नेछन ।
- ➢ कार्यक्रम सञ्चालन सम्वन्धि नर्म्स कृषि तथा पशुपन्छी मन्त्रालयले तयार गरेको कार्यविधि बमोजिम हुनेछ ।

दफा २७. कन्या च्याउ विउ वितरण

- कन्याच्याउ ५०% अनुदानमा वितरण हुनेछ ।
- च्याउखेतीको लागि प्लाष्टिक सहितको वीउ कृषकलाई उपलब्ध गराईनेछ ।
- ६ वटै वडामा च्याउको विउ वितरण गरिनेछ भने पहिलो प्राथमिकता च्याउखेती समूहको कृषकलाई दिईनेछ ।
- आवश्यक पर्ने पराल लगायतको कच्चा पदार्थ, च्याउ राख्ने घर कृषक आफैले बनाउनुपर्नेछ ।

दफा २८. अलैची विरुवा नर्सरी स्थापना

- यस गाउँपालिका भित्र उपयुक्त स्थान छनौट गरी १ वटा अलैची विरुवा नर्सरी स्थापना गरिनेछ
- विउ खरिद तथा ढुवानी व्यवस्था गरिनेछ ।
- खनजोत, कम्पोष्ट मोल र सिंचाईको व्यवस्था कृषक आफैले गर्नुपर्नेछ ।
- उत्पादक कृषकले विरुवा गाउँपालिका भित्रका कृषकहरुलाई शुलभ रुपमा वितरण गर्नु पर्नेछ ।
- अन्य कागजी प्रक्रिया भुक्तानी फछ्र्यौटका लागि विल, भरपाई संलग्न हुनु पर्नेछ ।

दफा २९. फलफूल विरुवा वितरण (केरा, सुन्तला, कागती, निवुवा, अनार, भुईकटहर, किम्बु, एभोकाडा आदी

- ६ वटै वडाहरुमा समूहगत रुपमा ५०% अनुदानमा कार्यक्रम गरिनेछ ।
- हरेक वडामा एउटा फलफूलको पकेट क्षेत्र घोषणा गरिनेछ ।
- फलफुल विरुवा लगाउन इच्छुक समुह समिति व्यक्तिले सम्वन्धित शाखाबाट सूचना गरे पश्चात ५०% रकम समुहमा जम्मा गर्नुपर्नेछ,
- विरुवा खरिद गर्दा स्थानीय नर्सरीलाई प्राथमिकता दिईनेछ
- फलफूलको जात विषेशको फरक-फरक मूल्य हुनेछ, प्रतिस्पधी नर्सरी भएका ठाँउबाट कम मूल्यमा खरिद गर्नुपर्नेछ ।
- सहकारी सँग समन्वय गरी सहकारी मार्फत सञ्चालन हुनेछ ।

दफा ३०. पावर टिलर लगायत अन्य कृषि औजार तथा उपकरण :

- पावर टिलर कृषकलाई वितरण गरिनेछ ।
- प्रत्येक वडामा आवश्यकताको आधारमा वितरण गरिनेछ ।
- मूल्यको ५० प्रतिशत कृषकले व्यहोर्नु पर्नेछ ।

दफा ३१.मौरीघार गोला सहित वितरण :

- गोला सहितको घार खरिद गर्दा सम्वभ भएमा एकै ठाँउबाट ,सम्भव हुन नसकेमा दोश्रो ठाँउबाट सम्म मापदण्ड अनुसारको गोला सहितको गुस्तरियं घार खरिद गर्नुपर्नेछ ।
- आवश्यकता हेरी उचित ठाउँमा माग भएमा १/१ कृषक छनौट गर्न सकिनेछ ।

दफा ३२. वर्षे आलु :

- वर्षे आलु चिसो हावापानिमा राम्रो उत्पादन हुने र जलवायु अनुकुलन हुने देखियकाले वडा नं. ५ मा ठाउ छनौट गरी क्लष्टरमा वितरण गरिनेछ ।
- वर्षे आलुको विउ सम्वन्धित ठाँउको सम्बन्धित समुह संस्थालाई उपलब्ध गराएनेछ ।
- खेति गरिने जमिन कृषक आफैले उपलब्ध गराउनु पर्नेछ।

दफा ३३. कृषि मेला प्रदर्शनी :

- सूचना प्रविधिद्धारा कार्यक्रम संचालन गरिनेछ ।
- आवश्यक सामाग्रीहरु यस प्रकार छन :

- स्टल तयार
- स्टेशनरी
- पुरस्कार व्यवस्था
- छनौट मूल्याङ्न समिति गठन
- समावेश गरिने सामाग्रीहरु गोलभेडा प्रदर्शनी लहरेवाली प्रर्दशनी वन्दा, काउली, केरा, तरुल, भाकुर, गिठ्ठा, सुन्तला, प्राकृतिक रुप लोप हुन लाएका खाद्यय बस्तु, पशु पंक्षी तथा पशुजन्य मत्यस आदी वस्तुहरु प्रदर्शनीहरु रहनेछ
- कार्यक्रम १ दिनको हुनेछ
- विविध किसिमले आवश्यक वस्तुहरु खरिद

## दफा ३४ कृषक पाठशाला

- कृषकहरुलाई स्थलगत रुपमै खेतबारीमा कृषि सम्वन्धि व्यवसायिक ज्ञान र सीप प्रदान गर्ने ।
- ईजाजत प्राप्त कृषि सहजकर्ता आई.पि.एम. सहजकर्ता विज्ञ रहने ।
- कृषकहरुको संख्या २०-२५ जना सम्म रहने र न्यूनतम १ रोपनी जमिन कृषकहरुले उपलव्ध गराउनुपर्नेछ ।
- वडा कार्यालयले कृषक पाठशाला सञ्चालन गर्ने स्थान र कृषक समुहको माग बमोजिम वाली छनौट गर्नुपर्नेछ ।
- कृषक पाठशाला अवधि १४ देखि १८ हप्ता सम्म हुनेछ ।
- कृषक पाठशालाको कार्यक्रम सञ्चालन सम्वन्धि नर्म्सहरु कृषि तथा पशुपन्छी मन्त्रालयले तयार गरेको कार्यविधि बमोजिम हुनेछ ।

## दफा ३५ कृषि तथा पशुपन्छी तालिम

- परम्परागत रुपले खेतीपाती गरिरहेका किसानहरुलाई व्यवसायिक कृषक बनाउने उद्देश्यले सैद्धान्तिक तथा व्यावहारिक ज्ञान, सीप प्रदान गर्ने ।
- कृषि तथा पशुपन्छी शाखाले सूचना प्रकाशन गरी तालिमको माग संकलन गर्नेछ ।
- माग बमोजिम तालिमका प्रकृति अनुसार एउटा तालिम २० देखि २५ जना सम्म सहभागिहरु छनौट गरेर तालिम सञ्चालन गर्ने ।
- तालिमको अवधि कम्तिमा ३ दिन देखि ५ दिन सम्म हुनेछ ।
- पशु सेवा तालिम केन्द्र, कृषि विकास तालिम केन्द्र लगायत अन्य कृषि तथा पशुपन्छी कार्यालयमा कार्यरत विज्ञ कर्मचारीहरु आमन्त्रण गरी तालिम दिईनेछ ।
- तालिमको पाठ्यक्रम र सञ्चालन सम्वन्धि नर्म्स विज्ञ टोली सँग समन्वय गरी तयार गरिनेछ ।
- तालिममा सैद्धान्तिक भन्दा व्यावहारिक र प्रयोगात्मक कक्षा बढी हुनेछ ।
- तालिम सञ्चालन सम्वन्धि अन्य नर्म्स कृषि तथा पशुपन्छी मन्त्रालयले तयार गरेको कार्यविधि बमोजिम हुनेछ ।